**केदारस्युँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउरा,बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल ।**

# बोलपत्र आह्वान सम्बन्धि सूचना ।

**(प्रथम पटक प्रकासित मिति : २०७६।०१।१२ )**

यस कार्यालयबाट चालु आ.व. २०७५।२०७६ मा तपसिलका वार्डहरुमा वार्ड लेवल हेल्थ केयर सेन्टर (टाईप २ ) भवनको बोलपत्रको माध्यमबाट निर्माण कार्य गराउनु पर्ने भएकोले निर्माण व्यवसाय ऐन २०५५ बमोजिम नियमानुसारको इजाजत पत्र प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रहि रित पूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

**१.** अद्यावधिक नविकरण गरेको ईजाजत पत्र,स्थायी लेखा नम्बर प्रमाण पत्र, मू.अ. कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि आ.व.२०७४।२०७५ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित नगद रु. ३०००।- (तीन हजार मात्र) बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकासित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट ईच्छुक बोलपत्रदाताले बोलपत्र म्बन्धि कागजात खरिद गर्न सकिने छ ।

**२.** खरिद गरेको फारामहरुमा उल्लेख भएका सबै बिवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी बोलपत्र सिलबन्दी खाम बाहिर फर्मको नाम र ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोपराईटरको नाम र ठेगाना,फोन नं.,मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ ।

**३.** एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन ।

**४.** दर्ता भएकाबोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको २.३० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाताको अनुपस्थिति भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**५.** बोलपत्रखरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्ने भएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोहि समयलाई उक्त प्रयोजनका लागि मान्यता दिईने छ ।

६. बोलपत्रफारामसाथ जमानत बापतको रकम यस गा.पा. को रा.बा.बैंक, बझाङ्गमा रहेको धरौटी खाता नं. ४११०३०३००७१११ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट बिडबण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ९० दिन म्याद भएको बिडबण्डको सक्कल संलग्न राख्नु पर्ने छ ।

७. शर्त रहेको रित नपुगेको तथा म्याद नाघि आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

८. बोलपत्रमा आइटमवाइज दर, अंक र अक्षेर दुबैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षेरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहिछाप अनिवार्य हुनु पर्नेछ ।

९. कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०.बोलपत्रदाताले निर्माणस्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझि दर रेट भरेको मानिनेछ ।

११. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ ।

## ***कामको विवरण***

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम रु.(भ्याट र कन्टेन्जेन्सी बाहेक) | धरौटी रकम रु. | बेलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/०७५/०७६ | वार्ड लेवल हेल्थ केयर सेन्टर (टाईप २ ) भवन निर्माण कार्य वडा नं. २ बझाङ्ग । | ३१,०८,५२०।३० | ७७,८००।० | ३,०००।० | |
| २ | ०३/०७५/०७६ | वार्ड लेवल हेल्थ केयर सेन्टर (टाईप २ ) भवन निर्माण कार्य वडा नं. ५ बझाङ्ग । | ३४,२४,७५०।७४ | ८५,६५०।० | ३,०००।० | |
| ३ | ०४/०७५/०७६ | वार्ड लेवल हेल्थ केयर सेन्टर (टाईप २ ) भवन निर्माण कार्य वडा नं. ६ बझाङ्ग । | ३४,८०,२८३।७७ | ८७,१००।० | ३,०००।० | |

**प्रमुख प्रशासकिय अधिकृत**